**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 7, Volume 7, Issue 1, December 2025
Published by Sotang Public Campus

# माध्यमिक तहमा श्रुतिबोध शिक्षणका चुनौती र प्रभावकारी कार्यान्वयनका रणनीतिहरू

**डा. कृष्णराज ढकाल, डा. दावा शेर्पा, सिर्जना घिमिरे, डम्बर बहादुर पुन**

*Article History : Submitted 16 Jan. 2025; Reviewed 13 Feb. 2025; Accepted 25 March 2025*
*Author : Dr. Krishna Raj Dhakal, Dr. Dawa Sherpa, Sirjana Ghimire, Dambar Bahadur Pun*
*Corresponding Email: krishnar.dhakal@gmail.com*
*DOI: https://doi.org/10.3126/sotang.v7i01.89323*

**लेखसार**

*प्रस्तुत अध्ययन 'माध्यमिक तहमा श्रुतिबोध शिक्षणका चुनौती र प्रभावकारी कार्यान्वयनका रणनीतिहरू' शीर्षकमा आधारित छ । भाषिक सिपहरू मध्ये श्रुतिबोध सिपलाई आधारभूत र पूर्वाधार मानिन्छ किनभने विद्यार्थीले सुनेका भाषिक सामग्रीलाई ग्रहण, अर्थनिर्माण र सम्प्रेषणमा प्रयोग गर्न यसले सहयोग गर्दछ । तर माध्यमिक तहमा सञ्चालन हुने नेपाली भाषा शिक्षणमा श्रुतिबोध सिपको अभ्यास अपेक्षित रूपमा सुदृढ छैन । विशेषगरी शिक्षक केन्द्रित परम्परागत पद्धति, बहुभाषिक कक्षा परिस्थितिले सिर्जना गर्ने ध्वनि र अर्थ भिन्नताको चुनौती, श्रव्य-दृश्य शिक्षण सामग्रीको न्यूनता तथा मूल्याङ्कन प्रक्रियामा प्रतिफल आधारित अभ्यासको कमी मुख्य समस्या हुन् । यसैले श्रुतिबोध सिप विकासमा देखिएका चुनौती र सुधारका रणनीति पहिचान गर्नु अध्ययनको केन्द्र रहेको छ । यस अध्ययनको उद्देश्य माध्यमिक तहमा श्रुतिबोध शिक्षणको वर्तमान अवस्था वर्णन गर्नु, सिकाइमा अवरोध उत्पन्न गर्ने कारणहरू विश्लेषण गर्नु र प्रभावकारी शिक्षण रणनीति प्रस्ताव गर्नु हो । यो अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित छ । पुस्तकालयीय स्रोत समीक्षा, पाठ्यपुस्तक एवम् पाठ्यक्रम विश्लेषण, शिक्षकसँगको अनौपचारिक अन्तर्वार्ता तथा कक्षाकोठा व्यवहार  अवलोकनबाट तथ्य सङ्कलन गरिएको छ । सङ्कलित सूचनाहरूलाई विषयगत थिमको आधारमा विश्लेषण गरिएको छ । नतिजाअनुसार श्रुतिबोध शिक्षणमा ध्वनि पहिचानदेखि वाक्य अर्थनिर्माण, श्रुतिलेख र श्रुतिसारसम्मका चरणबद्ध अभ्यासहरू प्रभावकारी देखिएका छन् । साथै विद्यार्थी सहभागिता,*

*संवादमुखी क्रियाकलाप, सन्दर्भसापेक्ष सामग्री र निरन्तर प्रतिफलमुखी मूल्याङ्कन विधिको प्रयोगले श्रुतिबोध सिप उल्लेखनीय रूपमा सुदृढ पार्न सक्ने पुष्टि भएको छ । यस अध्ययनको उपयोगिता माध्यमिक तहका नेपाली भाषा शिक्षक, शिक्षक तालिम तथा पाठ्यक्रम विकास गर्ने निकाय र विद्यालय स्तरको भाषिक सिप उन्नयन कार्यक्रमका लागि व्यावहारिक र मार्गदर्शक रूपमा रहने अपेक्षा गरिएको छ ।*

**मुख्यशब्द :** *श्रुतिबोध सिप, माध्यमिक तह, बहुभाषिक पृष्ठभूमि, सहभागितामूलक शिक्षण, श्रव्य-दृश्य सामग्री, शिक्षक दक्षता, प्रतिफल आधारित मूल्याङ्कन*

## विषयपरिचय

श्रुतिबोध शिक्षण भाषिक अधिगम प्रक्रियाको आधारभूत र अनिवार्य पक्ष हो जसले विद्यार्थीलाई सुनेको भाषिक ध्वनि, शब्द, वाक्य र प्रसङ्गको अर्थगत पहिचान गरी सुसङ्गत रूपमा बुझ्न र त्यसलाई व्यवहारमा रूपान्तरण गर्न सक्षम बनाउँछ । ‘श्रुति’ र ‘बोध’ दुवैको संयुक्त अर्थमा श्रुतिबोध सिपलाई केवल सुन्ने क्रिया मात्र नभई सुनेको सामग्रीको भाषा संरचना, सन्दर्भ, उद्देश्य र भावको व्याख्या-विश्लेषण गर्ने सक्रिय मानसिक प्रक्रिया मानिन्छ (अधिकारी र शर्मा, २०५६; शर्मा र पौडेल, २०७३) । भाषाशिक्षामा श्रुतिबोध सिप अन्य सिपहरू बोलाइ, पढाइ र लेखाइको पूर्वाधार तथा प्रवर्धक शक्ति भएकोले यसलाई माध्यमिक तहमा विशेष रूपमा महत्त्व दिइनु आवश्यक छ । विशेषगरी किशोरावस्थामा विद्यार्थीको भाषिक संज्ञानात्मक क्षमता तीव्र गतिमा विकसित हुने हुँदा श्रुतिबोध अभावसँगै ध्यान, पृथकीकरण, सान्दर्भिकता बोध, अभिव्यक्ति र तर्क क्षमतामा जटिलता देखिन सक्छ । यद्यपि नेपालको माध्यमिक तहमा श्रुतिबोध शिक्षण प्रभावकारी बनाउनुपर्ने आवश्यकता उच्च भए पनि कक्षाकोठा व्यवहारमा देखिने अवस्था अपेक्षाकृत कमजोर देखिन्छ । परम्परागत व्याकरण नियम केन्द्रित शिक्षण विधि, शिक्षकको सीमित तालिम दक्षता, बहुभाषिक परिवेशबाट उत्पन्न ध्वन्यात्मक र संरचनागत अन्तर तथा श्रव्य-दृश्य शिक्षण सामग्रीको न्यून उपलब्धताले श्रुतिबोध सिपको विकासमा प्रमुख अवरोध खडा गर्दै आएका छन् (ढुङ्गेल र दाहाल, २०६४) । यसले विद्यार्थीको सुनेर बुझ्ने मात्र होइन स्पष्ट बोल्ने, भावबोधका साथ पढ्ने र सुसङ्गत रूपमा लेख्ने क्षमतामा समेत प्रत्यक्ष प्रभाव पार्दछ । साथै कक्षाको आकार, समय व्यवस्थापन र मूल्याङ्कनमा श्रुतिबोध सिपको प्रभावकारी समावेश अभावले सिकाइ प्रक्रियालाई थप चुनौतीपूर्ण बनाएको छ । यस अध्ययनको मूल उद्देश्य माध्यमिक तहमा श्रुतिबोध शिक्षणसँग सम्बन्धित वर्तमान चुनौतीहरू पहिचान गर्नु, तिनको विश्लेषण गर्दै व्यावहारिक र सन्दर्भ अनुकूल कार्यान्वयन रणनीतिहरू प्रस्ताव गर्नु हो । प्रस्तुत लेखले सैद्धान्तिक आधार, पूर्वअध्ययनहरूको समीक्षा, कक्षाकोठा व्यवहारको विश्लेषण, श्रुतिबोध सिप विकासका प्रवर्धक तत्व, सिकाइ गतिविधि तथा मूल्याङ्कन विधिहरूलाई सुव्यवस्थित रूपमा प्रस्तुत गर्दै समाधानमुखी दृष्टिकोण अपनाएको छ । यसरी प्रस्तुत अध्ययन माध्यमिक तहमा श्रुतिबोध शिक्षणलाई सुदृढ, सहभागी, सन्दर्भगत र व्यावहारिक बनाउन योगदान पुऱ्याउने अपेक्षामा अगाडि बढाइएको छ ।

## पूर्वकार्यको पुनरावलोकन

भाषाशिक्षामा श्रुतिबोध शिक्षणलाई आधारभूत तथा अनिवार्य भाषिक सिपको रूपमा मानिन्छ । श्रुतिबोध बिना अन्य भाषिक सिपहरू प्रभावकारी रूपमा विकसित हुन नसक्ने भएकाले यस सम्बन्धी अध्ययनहरू नेपाली तथा विदेशी दुवै सन्दर्भमा महत्त्वपूर्ण रूपमा प्रस्तुत भएका छन् । नेपाली सन्दर्भमा अधिकारी र शर्मा (२०५६) का अनुसार श्रुतिबोध केवल सुनेका ध्वनि र शब्दको ग्रहण मात्र नभई तिनीहरूको प्रसङ्गगत अर्थ अन्वेषण र प्रयोग अवधारणासँग सम्बन्धित सक्रिय मानसिक प्रक्रिया हो । शर्मा र पौडेल (२०७३) ले श्रुतिबोधलाई भाषिक शिक्षणको आधारस्तम्भ ठान्दै यसले बोल्ने, पढ्ने र लेख्ने सिपको विकासमा सहायक भूमिका खेल्ने तर्क प्रस्तुत गरेका छन् । विदेशी सन्दर्भमा क्रस (१९९२) ले श्रुतिबोधलाई 'सन्दर्भ र सामाजिक सङ्केतसँग जोडिने अर्थ निर्माण प्रक्रिया' का रूपमा चिनाउँदै विद्यार्थीको अनुभव, पूर्वज्ञान र व्याख्यात्मक क्षमताले श्रुतिबोध सफलतामा प्रभाव पार्ने निष्कर्ष दिएका छन् । यसै सन्दर्भमा पौड्याल (२०७४) ले कक्षा चारका विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन गर्दै लैङ्गिकता तथा भाषिक पृष्ठभूमिले श्रवणसम्बन्धी प्रदर्शनमा मध्यम स्तरको प्रभाव पार्ने निष्कर्ष प्रस्तुत गरेका छन् । क्षेत्रीय विधिबाट सङ्कलित नमुनामा आधारित उक्त अध्ययनले बहुभाषिक पृष्ठभूमिका विद्यार्थीहरूका लागि श्रवणआधारित अभ्यासलाई थप सुदृढ गर्नुपर्ने देखाएको छ जसले माध्यमिक तहमा देखिने भाषिक विविधतासम्बन्धी चुनौतीहरू प्राथमिक तहमै सुरु हुने सङ्केत गर्छ । पोखेल (२०६७) ले कक्षा पाँचमा गरिएको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थी संस्थागत विद्यालयका विद्यार्थीभन्दा श्रुतिलेखनमा सक्षम देखिनुका कारण अभ्यासका अवसर, शिक्षक दक्षता तथा सिकाइ वातावरणका भिन्नतासँग सम्बन्धित रहेको बताएका छन् । १० विद्यालयका १०० विद्यार्थीमा आधारित उक्त अध्ययनले समग्र रूपमा श्रुतिलेखन क्षमता सन्तोषजनक रहे पनि शिक्षण शिक्षण व्यवहार र स्रोत सामग्रीको उपयुक्तताले श्रवणसम्बन्धी सिपमा महत्त्वपूर्ण प्रभाव पार्ने पुष्टि गर्दछ जुन माध्यमिक तहमा देखिने समान अवरोधहरूको आधारभूत रूपरेखा पनि हो । माध्यमिक तहमा श्रुतिबोध शिक्षणको व्यावहारिक अवस्था विश्लेषण गर्ने क्रममा ढुङ्गेल र दाहाल (२०६४) ले कक्षा क्रियाकलापहरू अझै पनि परम्परागत शिक्षक केन्द्रित, नियममुखी अभ्यासमा सीमित रहेको देखाएका छन् । विशेषगरी बहुभाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूका लागि श्रुतिबोध सिकाइ सहज नहुने, स्रोत सामग्रीको विविधता कमी हुने तथा सिकाइ वातावरण पूर्ण रूपमा अन्तर्क्रियात्मक नहुनुले श्रुतिबोध सिपको विकासमा अवरोध देखिएको छ । यस्तै सहभागी आधारित अभ्यास, श्रव्य-दृश्य सामग्री तथा रणनीतिक सिकाइका पक्षमा हार्मर (२००७) ले गरेको अध्ययनहरूले विद्यार्थीलाई सक्रिय श्रवण, नोटटेकिङ (सुन्दै वा पढ्दै गर्दा महत्त्वपूर्ण जानकारी, मुख्य विचार, तथ्य वा बुँदाहरू छिटो छिटो लेखेर सुरक्षित राख्ने सिकाइ रणनीती), पूर्वानुमान र अर्थ अन्वेषणमा संलग्न गराउने अभ्यासले श्रुतिबोध क्षमतामा उल्लेखनीय सुधार हुने देखाएका छन् । यसले स्पष्ट देखाउँछ कि श्रुतिबोध शिक्षणलाई सफल बनाउन सैद्धान्तिकभन्दा बढी अनुभवमूलक, प्रेरणादायी र विद्यार्थी केन्द्रित अभ्यास अनिवार्य छ । हालसम्म उपलब्ध अध्ययनहरूले श्रुतिबोध शिक्षणको महत्त्व,

उद्देश्य तथा यसको प्रवर्धनमा उपयोगी ठहरिने सहभागी केन्द्रित अभ्यास, श्रव्य-दृश्य सामग्री र रणनीतिक सिकाइका उपायहरूलाई उल्लेख गरे पनि माध्यमिक तहमा श्रुतिबोध शिक्षणको वास्तविक कार्यान्वयन पक्ष पर्याप्त रूपमा प्रत्यक्ष देखिन सकेको छैन । नेपाली कक्षाकोठामा श्रुतिबोध सिकाइ कति हदसम्म व्यवहारगत रूपमा सक्रिय छ, शिक्षकहरूले यसलाई कसरी सञ्चालन गर्छन्, पाठ्यपुस्तक तथा स्रोत सामग्री विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका लागि कति उपयुक्त छन् र बहुभाषिक तथा सामाजिक सांस्कृतिक सन्दर्भले विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा कस्तो प्रभाव पारेको छ भन्ने बारे पर्याप्त प्रमाणसहितका प्रत्यक्ष अध्ययन भेटिँदैनन् । साथै श्रुतिबोध मूल्याङ्कनका विधि, मापदण्ड र परीक्षण व्यवहार कत्तिको प्रभावकारी छन् भन्ने वास्तविकता पनि न्यून रूपमा नै विश्लेषित भएको देखिन्छ । यसले देखाउँछ कि विद्यमान साहित्य प्रायः सैद्धान्तिक र सामान्य अनुभवाधारित तर्कमा सीमित रहन पुगेको छ जबकि माध्यमिक तहका कक्षाहरूमा श्रुतिबोध शिक्षणका चुनौती, व्यावहारिक अवरोध र सुधारका सम्भावित उपायहरू पहिचान गर्न कक्षा अवलोकन, शिक्षक तथा विद्यार्थी अन्तरवार्ता र सामग्री विश्लेषणमा आधारित प्रत्यक्ष अनुसन्धानको आवश्यकता अहिले पनि गम्भीर रूपमा रहेको छ । यस क्रममा उपलब्ध साहित्यले नछोएको यही खाडललाई पूरा गर्दै माध्यमिक तहमा श्रुतिबोध शिक्षणको वास्तविक कार्यान्वयन, चुनौती र सुधारका सम्भावनालाई प्रत्यक्ष अवलोकन र सङ्कलित तथ्यलाई आधार बनाई उजागर गर्ने उद्देश्यले यो अनुसन्धानमूलक लेख तयार पारिएको हो ।

**श्रुतिबोध शिक्षणको सैद्धान्तिक आधार**

श्रुतिबोध भाषा शिक्षणको मूलभूत र आधारभूत सिप हो किनभने भाषा प्रयोगका क्रममा सबैभन्दा पहिला श्रोता ध्वनि ग्रहण गर्छ - त्यसलाई अर्थसँग जोड्छ - सन्दर्भ पहिचान गर्छ र अन्ततः उपयुक्त प्रतिक्रिया दिन सक्षम हुन्छ । यही श्रवण अर्थीनर्माण प्रक्रिया सुदृढ भएपछि मात्र बोल्ने, पढ्ने र लेख्ने जस्ता अन्य भाषिक सिपहरू प्रभावकारी रूपमा विकास हुन्छन् । यसैले माध्यमिक तहमा भाषा सिकाइको प्रारम्भिक संरचना तथा सन्निकट सन्दर्भ निर्माण श्रुतिबोधबाट नै शुरु हुन्छ । श्रुतिबोध केवल सुन्ने क्रिया नभई सुनेको सूचना छनोट, व्याख्या, तुलना, अनुमान र प्रतिक्रिया दिने संज्ञानात्मक तथा सामाजिक आन्तर्क्रियात्मक प्रक्रिया हो । विद्यार्थीले भाषिक सामग्री सुन्दा शब्द अर्थ, वाक्य संरचना, विषयवस्तु, उद्देश्य र भावबोधलाई सम्बन्धित ज्ञान तथा अनुभवसँग जोडेर अर्थीनर्माण गर्छ । यस प्रक्रियामा पूर्वज्ञान, सन्दर्भ सङ्केत तथा समधिकता (पूरक अर्थ सङ्केत) महत्त्वपूर्ण प्रवर्धक तत्वका रूपमा कार्य गर्छन् । माध्यमिक तहमा श्रुतिबोधका अभ्यासहरू सामान्य, मनोरञ्जनात्मक र विश्लेषणात्मक रूपले व्यवस्थित गरिन्छ । सामान्य श्रुतिबोधले विद्यार्थीलाई मुख्य सन्देश वा बुँदागत अर्थ ग्रहण गर्न मद्दत गर्छ जबकि मनोरञ्जनात्मक श्रुतिबोधले भावानुभूति र संलग्नता विकास गराएर भाषिक आत्मीयता बढाउँछ । विश्लेषणात्मक श्रुतिबोधमा विद्यार्थी सुनेको सामग्रीको उद्देश्य, संरचना र प्रभावको मूल्याङ्कन गर्न सक्षम बन्छ जसले उच्चस्तरीय भाषिक चेतना र आलोचनात्मक सोच निर्माणमा योगदान पुऱ्याउँछ । यस्तै गहन श्रुति (अर्थ र भाषिक रूपको सूक्ष्म विश्लेषण) र व्यापक श्रुति (उद्देश्यअनुसार मुख्य आशय ग्रहण)

सन्तुलित रूपमा अभ्यास गरिँदा श्रुतिबोध क्षमता बहुआयामिक रूपमा विकसित हुन्छ । यद्यपि श्रुतिबोध सिप विकासमा वक्ता, श्रोता, सामग्री र कक्षाकोठीय वातावरणका कारण कमजोरी देखिन सक्छन्, जस्तै- अस्पष्ट उच्चारण, जटिल वा अपरिचित सामग्री, बहुभाषिक प्रभाव, ध्यानको कमी तथा कोलाहलयुक्त वातावरण । यी चुनौतीहरू न्यूनीकरण गर्न स्पष्ट र सुगठित उच्चारण, स्तर अनुकूल र सान्दर्भिक सामग्री चयन, दोहोऱ्याइ र बुँदाटिपोटजस्ता रणनीतिक श्रवण अभ्यास तथा सहभागितामूलक र सकारात्मक कक्षा वातावरण अनिवार्य मानिन्छ । यसरी हेर्दा श्रुतिबोध शिक्षण एक क्रमिक, रणनीतिमूलक र अभ्यास आधारित प्रक्रिया हो जसमा विद्यार्थीको अनुभव, सन्दर्भ र सहभागिता सक्रिय राखी श्रवण अर्थीनिर्माण क्षमताको निरन्तर उन्नति गरिन्छ । श्रुतिबोध सिप सुदृढ भएमा सम्पूर्ण भाषा सिकाइ प्रक्रिया स्वतः प्रभावकारी, सार्थक र दीर्घकालीन बन्न पुग्छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित छ जसको माध्यमबाट शिक्षण सिकाइसम्बन्धी व्यावहारिक पक्षहरूलाई सन्दर्भसहित गम्भीर रूपमा विश्लेषण र व्याख्या गर्न सकिन्छ (हेज, २०००) । श्रुतिबोध सिप सिकाइको वास्तविक अवस्था र चुनौती पहिचान गर्न पहिलो चरणमा पुस्तकालयीय स्रोत अध्ययन गरेर श्रुतिबोध, श्रव्य शिक्षण सामग्री, सन्दर्भ आधारित शिक्षण तथा भाषिक सिप शिक्षण सम्बन्धी सैद्धान्तिक आधारहरू सङ्कलन गरियो (हार्मर, २००७ र भान्डरग्रिफ्ट, १९९९) । त्यसपछि माध्यमिक तहका लागि यसभन्दा अघि २०७१ सालमा सञ्चालन भएको र वर्तमान नेपाली भाषा पाठ्यक्रम तथा कक्षा ९ र १० का नेपाली पाठ्यपुस्तकहरूलाई श्रुतिबोध सिपका उद्देश्य, अभ्यास तथा मूल्याङ्कन संरचनाको आधारमा विषयगत विश्लेषण गरियो (नेसन एन्ड म्याकालिस्टर, २०१०; नुनान, २०१९) । यससँगै तीन जना नेपाली भाषा शिक्षकसँग अनौपचारिक अन्तर्वार्ता लिइयो, जसबाट श्रुतिबोध शिक्षणमा प्रयोग हुने पद्धति, स्रोत साधनको अवस्था, बहुभाषिक कक्षा परिस्थिति र मूल्याङ्कनको व्यावहारिक पक्ष पहिचान गरियो (गिलाक्जानी एन्ड अहमदी, २०११) । साथै दुई विद्यालयमा कक्षाकोठा अवलोकन गरी शिक्षकको शिक्षण गतिविधि, विद्यार्थी सहभागिता, अभ्यासको प्रकृति, समय व्यवस्थापन र प्रतिफल आधारित मूल्याङ्कन प्रक्रियाको फिल्ड नोट सङ्कलन गरियो (रिचार्डस् एन्ड रोडर्ज, २००१; क्रस, १९९२) । सङ्कलित सबै तथ्याङ्क तथा सूचनाहरूलाई थिमिक विश्लेषण विधिद्वारा 'माध्यमिक तहमा श्रुतिबोध शिक्षणको वर्तमान अवस्था', 'भाषा सिकाइ सिद्धान्तसँग श्रुतिबोधको सम्बन्ध', 'कक्षामा प्रयोग हुने अभ्यास विधिहरू', 'श्रुतिबोध शिक्षणका चुनौतीहरू' तथा 'प्रभावकारी कार्यान्वयनका रणनीतिहरू' जस्ता थिमहरूमा वर्गीकृत गरी व्याख्या विश्लेषण गरिएको छ । कक्षा अवलोकन, शिक्षक अन्तर्वार्ता तथा सैद्धान्तिक साहित्यलाई अन्तरसमर्थनात्मक ढङ्गले तुलना समायोजन गरी नतिजा र निष्कर्ष तयार पारिएको छ ।

## नतिजा तथा छलफल

प्रस्तुत अध्ययनमा सङ्कलित तथ्यहरूलाई विश्लेषण गरी श्रुतिबोध शिक्षाणको वर्तमान अवस्था, भाषा सिकाइ सिद्धान्तसँगको सम्बन्ध, कक्षामा अपनाइने अभ्यास विधि, सामना गरिने चुनौती तथा प्रभावकारी कार्यान्वयनका सम्भावित रणनीतिहरूको व्याख्या गरिएको छ । विभिन्न स्रोतहरूबाट प्राप्त तथ्यहरूको आपसी समानता र भिन्नता पहिचान गर्दै यी पक्षाहरूको विश्लेषण निम्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

**माध्यमिक तहमा श्रुतिबोध शिक्षणको वर्तमान अवस्था :**

प्रस्तुत अध्ययनका क्रममा अनौपचारिक अन्तर्वार्ता, कक्षा अवलोकन तथा उपलब्ध साहित्यको विश्लेषणले माध्यमिक तहमा श्रुतिबोध शिक्षण क्रमशः परिवर्तनशील र विकासोन्मुख अवस्थामा रहेको सङ्केत गर्दछ । धेरैजसो शिक्षकहरू श्रुतिबोधलाई भाषा सिकाइको आधारभूत र अनिवार्य सिपका रूपमा लिने प्रवृत्ति देखिन्छ जसअन्तर्गत विद्यार्थीलाई कथा, संवाद, सूचनात्मक पाठ वा मौखिक प्रस्तुति सुनेर भावार्थ पहिचान, सार सङ्क्षेप र सन्दर्भगत अर्थनिर्माण गराउने अभ्यासहरू सञ्चालन भइरहेका छन् । यस्तो अभ्यासले विद्यार्थीमा विश्लेषणात्मक सोच, अर्थबोध र सन्दर्भअनुसार अभिव्यक्ति गर्ने क्षमता विकसित हुन थालेको अवलोकनबाट पुष्टि हुन्छ (अधिकारी, २०६५; शर्मा र पौडेल, २०७३) । तर सबै कक्षामा श्रुतिबोध शिक्षण समान रूपले व्यवहारमुखी भएको देखिँदैन । केही शिक्षकहरूले अझै पनि नियम व्याख्या, पुनरावृत्ति र प्रश्नोत्तर आधारित परम्परागत अभ्यासलाई निरन्तरता दिएको पाइन्छ । यसले श्रुतिबोध सिपलाई जीवनपरक सुनाइ बुझाइ अनुभवसँग जोड्ने अवसर सीमित बनाउँछ । रिचार्डस् एन्ड रोडर्ज (२००१) ले कम्युनिकेटिभ ल्याङ्ग्वेज टिचिङ पुस्तकमा अर्थकेंद्रित इनपुट, अन्तर्क्रिया र सन्दर्भगत गतिविधिलाई प्रभावकारी श्रुतिबोध विकासको आधार मान्छन् तर विद्यालयीय व्यवहारमा यी पक्ष पर्याप्त रूपमा समाहित नभएका देखिन्छन् । सामग्री तथा स्रोतको प्रयोगका सन्दर्भमा पाठ्यपुस्तकमा श्रुतिबोध सम्बन्धी गतिविधिहरू समावेश भएका भए पनि ती विविध, स्तरानुकूल र प्रायोगिक रूपमा विस्तार पाउन सकेका छैनन् (नेसन एन्ड म्याकालिस्टर, २०१०) । विद्यालयहरूमा श्रव्य दृश्य सामग्री, अडियो टेक्स्ट, रेडियो र टेलिभिजन प्रसारण, डिजिटल साधन तथा वास्तविक जीवन अनुकूल श्रुति सामग्रीको पहुँच तथा प्रयोग सीमित छ जसले श्रुतिबोध सिकाइलाई अनुभवात्मक र बहुआयामिक बन्न बाधा पुऱ्याउँछ (पौडेल, २०७९) । यससँगै माध्यमिक कक्षामा बहुभाषिक विद्यार्थीहरूको उपस्थितिले श्रुतिबोध सिकाइमा अतिरिक्त चुनौती थपिएको देखिन्छ । स्तर अनुकूल र भाषाभेद संवेदनशील सामग्री नहुँदा विद्यार्थीहरूद्वारा सुनेको सूचना अर्थ व्याख्यामा समान रूपले रूपान्तरित हुन कठिनाइ देखिन्छ (गिलाक्जानी र अहमदी, २०११) । कक्षाकोठा वातावरण विशेषतः शान्त, व्यवस्थित, संलग्नतापूर्ण र अन्तर्क्रियात्मक वातावरणको अभावले ध्यानपूर्वक सुन्ने क्षमतामा गिरावट ल्याउने अवलोकन गरिएको छ (हेज, २०००) । मूल्याङ्कन अभ्यासतर्फ हेर्दा श्रुतिबोध क्षमताको मूल्याङ्कन प्रायः लिखित प्रश्नोत्तर वा शिक्षकको अवलोकनसम्म सीमित रहेको देखिन्छ । श्रुतिलेख, बुँदाटिपोट, सारसङ्क्षेप र श्रुतिरचना जस्ता प्रक्रियामूलक र क्रियाशील

मूल्याङ्कन विधिहरू न्यून रूपले प्रयोग हुँदा विद्यार्थीको वास्तविक श्रवण अर्थनिर्माण क्षमताको सटीक मापन हुन सकेको छैन (भान्डरग्रिफ्ट, १९९९) । यसरी विश्लेषण गर्दा माध्यमिक तहमा श्रुतिबोध शिक्षण सकारात्मक दिशातर्फ विकसित हुँदै गएको भए पनि स्रोतको उपलब्धता, सामग्रीको विविधता, कक्षाकोठा वातावरण, बहुभाषिक सन्दर्भ व्यवस्थापन र मूल्याङ्कन संरचनाको स्पष्टीकरण जस्ता पक्षहरूमा सुधार आवश्यक छ । यी पक्षहरू प्रभावकारी रूपमा सम्बोधन भएमा श्रुतिबोध शिक्षण अधिक सन्दर्भगत, प्रयोगशील र दिगो रूपमा सुदृढ हुन सक्ने सम्भावना स्पष्ट देखिन्छ ।

**भाषा सिकाइ सिद्धान्तसँग श्रुतिबोधको सम्बन्ध :**

माध्यमिक तहमा श्रुतिबोध शिक्षणको प्रभावकारिता विविध भाषा सिकाइ सिद्धान्तहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित देखिन्छ । श्रुतिबोधलाई भाषा सिकाइको प्रारम्भिक प्रवेशद्वार मानिन्छ किनभने विद्यार्थीले सुनाइद्वारा प्राप्त भाषिक इनपुटलाई क्रमशः अर्थ निर्माण, स्मरण र प्रयोगतर्फ रूपान्तरित गर्छन् (हार्मर, २००७) । व्यवहारवादी दृष्टिकोणअनुसार भाषा सिकाइ अनुकरण, पुनरावृत्ति र अभ्यासको प्रक्रियाबाट विकसित हुन्छ । यस आधारमा विद्यार्थीहरूले शिक्षक, सहपाठी वा श्रव्य स्रोतबाट सुनेका ध्वनि, उच्चारण, लय र भाषिक संरचनाहरूलाई क्रमशः बारम्बार प्रयोगद्वारा स्थिर बनाउँदै जान्छन् (अधिकारी, २०६५) । त्यसैले श्रुतिबोध शिक्षणमा कथन, श्रुतिलेख र दोहोऱ्याइ आधारित गतिविधिहरू अझै पनि विद्यालयीय कक्षामा उपयोगी मानिन्छन् । तर संज्ञानात्मक दृष्टिकोणले श्रुतिबोधलाई केवल सुन्ने क्रिया नभई अर्थ निर्माण र मानसिक रूपान्तरणको प्रक्रियासँग जोड्दछ । यस दृष्टिमा विद्यार्थी निष्क्रिय ग्रहणकर्ता नभई सक्रिय अर्थ निर्माता मानिन्छ । विद्यार्थी सुनेको विचारलाई आफ्नो पूर्वज्ञान, अनुभव र सन्दर्भसँग जोडेर व्याख्या, विश्लेषण र पुनर्संरचना गर्छन् ( हेज, २०००) । यस कारण श्रुतिबोधका लागि सुनाइ सामग्री केवल ध्वनि मात्र नभई सन्दर्भगत र अर्थपूर्ण हुन आवश्यक हुन्छ (गिलाक्जानी र अहमदी, २०११) । त्यस्तै सामाजिक अन्तर्क्रियात्मक दृष्टिकोणमा भाषा सिकाइ सामाजिक सहकार्य, संवाद र सहभागिताद्वारा सम्पन्न हुन्छ (रिचार्डस् एन्ड रोडर्ज (२००१) । यस दृष्टिकोण अनुसार विद्यार्थी कक्षामा शिक्षक तथा सहपाठीसँगको समूहकार्य, भूमिकानाट्य, संवाद र वास्तविक सन्दर्भमा आधारित अन्तर्क्रियाबाट श्रुतिबोधको सिपलाई सुदृढ गर्छन् । नेपाली भाषा शिक्षणमा संवादात्मक अभ्यास, कथ्य व्याख्या, समाचार विश्लेषण, सहकार्य आधारित श्रुतिबोध गतिविधिहरू यसै सिद्धान्तसँग मेल खान्छन् (क्रस, १९९२) । श्रुतिबोध सिप अन्य भाषिक सिपहरूसँग अन्तर्सम्बद्ध र पूरक रूपमा कार्य गर्छ । श्रवणद्वारा प्राप्त अर्थबोधले विद्यार्थीमा मौखिक अभिव्यक्ति, पढाइ बुझाइ र लेखाइमा कार्यान्वयनयोग्य भाषिक संरचना र शब्दभण्डारको विकासलाई सक्षम बनाउँछ (शर्मा र पौडेल, २०७३) । यस्तो अन्तर्सम्बन्धले श्रुतिबोधलाई नेपाली भाषा शिक्षणको मौलिक आधारस्तम्भका रूपमा पुष्टि गर्दछ । यसरी सिद्धान्त कक्षाकोठा अभ्यास र विद्यार्थी सिकाइ व्यवहारको तुलनात्मक विश्लेषणले माध्यमिक तहमा श्रुतिबोध शिक्षणलाई अनुकरण आधारित, अर्थनिर्माण आधारित र सामाजिक सहकार्य आधारित तीन तहबाट समग्र रूपमा बुझिनुपर्ने देखाउँछ । यदि श्रुतिबोध शिक्षणमा सन्दर्भगत सुनाइ सामग्री, अन्तर्क्रियात्मक अभ्यास र प्रक्रियामूलक मूल्याङ्कन समावेश

गर्न सकियो भने श्रुतिबोध सिप दीर्घकालीन रूपमा सुदृढ हुनसक्ने स्पष्ट सम्भावना देखिन्छ (भान्डरग्रिफ्ट, १९९९); नेसन एन्ड म्याकालिस्टर, २०१०; नुनान, २०१९) ।

**कक्षामा प्रयोग हुने अभ्यास विधिहरू :**

माध्यमिक तहमा श्रुतिबोध सिपको विकास केवल सुनेर अर्थ बुझ्ने क्षमतामा सीमित नहुने भएकाले कक्षामा प्रयोग हुने अभ्यास विधिहरू बहुआयामिक, सन्दर्भयुक्त र विद्यार्थी सहभागितामूलक हुनु आवश्यक हुन्छ । श्रुतिबोध अभ्यासले ध्वनि पहिचानदेखि सूचना सम्प्रेषण लगायत व्यावहारिक सञ्चार क्षमता विकाससम्मका विविध आयामहरू समेटेको हुन्छ । यस सन्दर्भमा कक्षामा अपनाइने प्रमुख अभ्यास विधिहरूलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ : पहिलो ध्वनि तथा शब्द विभेदीकरण अभ्यास श्रुतिबोधको आधारभूत चरण हो जसले विद्यार्थीलाई नेपाली भाषाका ध्वन्यात्मक सूक्ष्म भिन्नताहरू पहिचान गर्न सक्षम बनाउँछ । स्थानीय भाषिक पृष्ठभूमिका कारण विद्यार्थीहरूले 'श' र 'ष', 'स' र 'श' वा स्वर दीर्घ ह्रस्व भिन्नता स्पष्ट रूपमा छुट्याउन नसक्ने अवस्था देखिन्छ । शिक्षकले शब्द जोडी (जस्तै- शान्त र सान्त, बोल र बोल्न) तथा साना श्रव्य सामग्री सुनाएर अभ्यास गराउँदा विद्यार्थीको मानक उच्चारण र श्रवण संवेदनशीलता दुवै सुदृढ हुन्छन् । दोस्रो वाक्य तथा अर्थ विभेदीकरण अभ्यास श्रुतिबोधमा निहित अर्थ निर्माण प्रक्रियासँग प्रत्यक्ष सम्बन्धित हुन्छ । विद्यार्थीलाई एउटै संरचना भएका तर भिन्न अर्थ व्यक्त गर्ने वाक्यहरू सुनाइन्छ र तिनको प्रसङ्गगत प्रयोजन, भाव र तात्पर्य छुट्याउन भनिन्छ । यसले विद्यार्थीको बोली बुझाइ र अर्थगत विश्लेषण क्षमता विस्तार गर्दछ जसबाट उनीहरू ध्वन्यात्मक सङ्केत मात्र होइन सन्दर्भगत अर्थ र उद्देश्य समेत बुझ्न सक्षम बन्छन् । तेस्रो श्रुतिलेख अभ्यास माध्यमिक तहमा सर्वाधिक प्रयोग हुने विधि हो । यसमा शिक्षकले साना अनुच्छेद, संवाद वा समाचार सामग्री सुनाउँछन् र विद्यार्थीले त्यसैको आधारमा लेखन गर्छन् । श्रुतिलेखले श्रवण, व्याकरण, वाक्यगठन, शब्द चयन तथा विरामचिन्ह प्रयोगजस्ता घटकहरूलाई एकीकृत रूपमा सुदृढ बनाउँछ (भान्डरग्रिफ्ट, १९९९) । तर यस अभ्यासलाई केवल शब्द स्तरमा सीमित नराखी सन्दर्भपूर्ण सामग्री प्रयोग गर्दा अर्थबोध र अनुप्रयोग क्षमतामा अझ प्रभावकारी परिणाम देखा पर्छ । चौथो श्रुतिरचना तथा सारांश लेखन अभ्यास विद्यार्थीको सृजनात्मक क्षमता सक्रिय बनाउने विधि हो । शिक्षकले कथ्य, दृश्यचित्र, भिडियो क्लिप वा जीवन्त अनुभव आधारित विवरण सुनाउँछन् र विद्यार्थीले त्यसको सारांश, पुनर्लेखन, कथानक विस्तार वा भावानुवाद तयार गर्छन् । यसले सुन्ने, सोच्ने, विश्लेषण गर्ने र अभिव्यक्त गर्ने चारै क्षमताको समन्वित विकास सुनिश्चित गर्छ (गिलाक्जानी र अहमदी, २०११) । पाँचौँ बुँदाटिपोट तथा सूचना व्यवस्थापन अभ्यास आधारित सिपसम्बन्धी पक्षमा मानसिक सङ्गठन र स्मरणशक्ति विकाससँग जोडिन्छ । व्याख्यान, सूचना, भाषण वा संवाद सुनाएर मुख्य बुँदाहरू छान्ने, वर्गीकरण गर्ने र सारांश निर्माण गर्ने अभ्यास गराइन्छ । यसले विद्यार्थीलाई व्यापक सूचनाबाट आवश्यक तत्व छनोट गर्ने, तर्कशुद्ध प्रस्तुति गर्ने र विश्लेषणात्मक क्षमताको विकास गर्न सहयोग गर्छ । अन्ततः भूमिकानाट्य, संवाद अभ्यास, समूहकार्य र श्रव्य दृश्य सहायक गतिविधिहरू श्रुतिबोधलाई सामाजिक अन्तर्क्रिया र प्रयोगात्मक संचार सँग प्रत्यक्ष रूपमा जोड्छन् । सहभागीमूलक विधिहरूले विद्यार्थीलाई सुनेको भाषिक सामग्रीलाई वास्तविक संचार व्यवहारमा प्रयोग गर्न अवसर प्रदान गर्छन् जसको

परिणामस्वरूप उनीहरूको आत्मविश्वास, भाषिक प्रवाह तथा अभिव्यक्तिको स्वाभाविकता वृद्धि हुन्छ (रिचार्डस् एन्ड रोडर्ज, २००१) । यसरी हेर्दा श्रुतिबोध शिक्षणका अभ्यास विधिहरू केवल बोली सुन्ने वा अनुकरणमा सीमित नभई भाषा सिकाइ सिद्धान्तको व्यावहारिक रूपान्तरण हुन् । कक्षामा उद्देश्यअनुसार छानिएका सामग्री, नियमित अभ्यास, दोहोराइ, अन्तर्क्रिया र मूल्याङ्कनको समन्वित प्रयोगले विद्यार्थीको भाषिक, संज्ञानात्मक तथा सामाजिक क्षमताहरू समानान्तर रूपमा विकसित हुन्छन् । अतः श्रुतिबोध शिक्षणलाई व्यवस्थित र सुदृढ बनाउनु नेपाली भाषा शिक्षणको गुणस्तर उन्नयनका लागि अपरिहार्य हुन्छ ।

**माध्यमिक तहमा श्रुतिबोध शिक्षणका चुनौतीहरू :**

माध्यमिक तहमा श्रुतिबोध सिपको प्रभावकारी विकास विभिन्न संरचनागत, व्यवहारगत र सन्दर्भगत कारणहरूले प्रभावित हुन्छ । यी चुनौतीहरू भाषिक पृष्ठभूमि, शिक्षकको व्यावसायिक दक्षता, शिक्षण सामग्री एवम् स्रोतहरूको उपलब्धता, कक्षाकोठा वातावरण र मूल्याङ्कन अभ्याससँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छन् । श्रुतिबोध सिपको विकास केवल सुनाइ अभ्यासको आवृत्ति मात्र नभई कसरी कुन सामग्री र कुन स्थितिमा श्रुतिबोध गतिविधि सञ्चालन गरिन्छ भन्ने पक्षसँग समेत गहिरो रूपमा आवद्ध हुन्छ (भान्डरग्रिफ्ट, १९९९) ।

***विद्यार्थीसम्बन्धी चुनौतीहरू :*** बहुभाषिक परिवेशमा अध्ययनरत विद्यार्थीहरूका लागि नेपाली भाषा ध्वनि रूप, शब्द अर्थ र वाक्य सङ्गठनको सूक्ष्म संरचना समान रूपमा बुझ्न कठिन हुन सक्छ । मातृभाषा तथा वरिपरिको बोलचालको भाषिक लय, स्वर, वाक्य सङ्गठन र शब्दार्थ भिन्नताले श्रुतिबोधमा अर्थ ग्रहण प्रक्रिया प्रभावित हुन्छ (गिलाक्जानी र अहमदी, २०११) । विशेषगरी ग्रामीण र शहरी विद्यालयबिच श्रवण अभ्यासको अनुभवगत अन्तरले विद्यार्थीको श्रुतिबोध स्तरमा असमानता देखिन्छ । त्यस्तै धेरै विद्यार्थीहरू श्रुतिबोधलाई सक्रिय सिप नठानी सुनेको कुरा दोहोऱ्याउने अभ्यास मात्र ठान्ने प्रवृत्तिले बुँदाटिपोट, श्रुतिरचना, विश्लेषण र व्याख्या जस्ता उच्चस्तरीय श्रवण क्षमताहरू विकसित हुन पाउँदैनन् ।

***शिक्षकसम्बन्धी चुनौतीहरू :*** श्रुतिबोध प्रभावकारी बन्न शिक्षकको ध्वनि सचेतता, गतिविधि रूपरेखा निर्माण क्षमता तथा स्तरानुकूल सामग्री छनोट कौशल महत्त्वपूर्ण हुन्छ । तर धेरै शिक्षकहरू अझै पनि नियम व्याख्या दोहोराइ केन्द्रित अभ्यासमा सीमित देखिन्छन् (अधिकारी, २०६५) । शिक्षक प्रशिक्षणमा श्रुतिबोध सिपलाई विशिष्ट रूपमा केन्द्रित गरी व्यवहारमुखी कार्यशाला वा प्रयोगात्मक श्रव्य विधि सिकाइको अवसर कम उपलब्ध भएको पाइन्छ । यसले श्रुतिबोधलाई सहायक सिपको रूपमा बुझ्ने र मुख्य भाषिक आधारको रूपमा सम्बोधन नहुनु जस्तो समस्या देखा पर्छ ।

***स्रोत र सामग्री तथा प्रविधिगत चुनौतीहरू :*** नेपाली पाठ्यपुस्तकमा श्रुतिबोध सम्बन्धी अभ्यासहरू समावेश भए पनि ती प्रायः एकरूप, सीमित र अनुप्रयोग केन्द्रित नभएका पाइन्छन् (ढुङ्गेल र दाहाल, २०६४) । अर्कोतर्फ विद्यालयहरूमा श्रव्य दृश्य उपकरण, रेडियो र पडकास्टरअडियो क्लिप, वास्तविक जीवन संवाद सामग्री जस्ता स्रोतहरू नियमित रूपमा उपलब्ध वा प्रयोग हुने अवस्था छैन (नेसन एन्ड

म्याकालिस्टर, २०१०) । स्रोतको अभावले शिक्षकहरूलाई स्वर लय उच्चारण सन्दर्भगत अर्थबोध जस्ता सूक्ष्म पक्षमा अभ्यास गराउन कठिन हुन्छ । यसरी श्रुतिबोध शिक्षण प्रभावकारी नबन्ने भएकाले पाठ्यपुस्तकका अभ्यासहरूलाई विविध, सन्दर्भअनुकूल र वास्तविक जीवनका श्रव्य सामग्रीसँग जोडिने गरी पुन: संरचना गर्ने आवश्यकता देखिन्छ । यसकारण प्रविधिगत स्रोतहरूको सहज उपलब्धता, डिजिटल अडियो सामग्रीको विकास तथा शिक्षकलाई प्रविधि आधारित श्रुतिबोध अभ्यासमा सक्षम बनाउने अभिमुखीकरण कार्यक्रम अपरिहार्य समाधानकै रूपमा अघि आउँछन् ।

***समय, कक्षाकोठा वातावरण तथा व्यवस्थापनसम्बन्धी चुनौतीहरू :*** माध्यमिक तहमा समय तालिका संरचना प्राय: पाठ व्याख्या व्याकरण लेखन अभ्यासतर्फ केन्द्रित हुन्छ । श्रुतिबोधका लागि छुट्टै समय विनियोजन नभएकाले नियमित अभ्यास सम्भव हुँदैन (रिचार्डस् एन्ड रोडर्ज (२००१) । त्यसका अतिरिक्त ठूलो कक्षा आकार, कोलाहलयुक्त कक्षाकोठा, विद्यार्थीहरूको ध्यान एकाग्र राख्न कठिनाइ जस्ता व्यवहारगत पक्षहरूले श्रवण अभ्यासको प्रभावकारिता घटाउँछन् । यी कारणहरूले बुँदाटिपोट, श्रुतिरचना, समूह श्रवण चर्चा जस्ता गतिविधिहरू आवश्यक गहिराइमा सञ्चालन हुन पाउँदैनन् । माध्यमिक कक्षामा श्रुतिबोध शिक्षणका क्रममा देखापर्ने चुनौतीहरूको समाधान सन्दर्भअनुरूप कार्यान्वयन गर्न आवश्यक हुन्छ । बहुभाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूका लागि उनीहरूको भाषिक स्तरअनुसार श्रवण सामग्री छनोट गरी साना कथ्यहरूबाट सुरु गर्दै संवाद, समाचार र व्याख्यानजस्ता जटिल सामग्रीतर्फ क्रमिक अभ्यास गराउन सकिन्छ । शिक्षक दक्षताको अवस्थामा सहभागी कार्यशाला र पाठ नमुनाको प्रयोगद्वारा सुन्नु-टिपोटगर्नु-छलफल गर्नु जस्ता संरचित श्रवण अभ्यास मोडहरू प्रभावकारी बन्न सक्छन् । स्रोत अभावको चुनौती न्यूनीकरणका लागि भने स्थानीय रूपमा उपलब्ध सामग्री र समुदायका आवाजहरूको उपयोग उपयोगी हुन्छ, जस्तै-स्थानीय रेडियो समाचार, अभिभावक वा समुदाय सदस्यहरूको जीवनानुभव सुन्ने गतिविधि । त्यसैगरी कक्षा वातावरण सुदृढ गर्न सानो समूह कार्य, जोडी सहयोग र कक्षा व्यवस्थापन रणनीतिहरू अवलम्बन गरी श्रोता र वक्ता भूमिकाको अदलाबदली अभ्यास गराउँदा श्रुतिबोध सिकाइ थप सक्रिय र सहभागितामूलक बन्ने देखिन्छ । यसरी माध्यमिक तहमा श्रुतिबोध शिक्षणका चुनौतीहरू केवल स्रोत वा सिप अभावमा सीमित छैनन्; ती भाषिक विविधता, शिक्षक तालिम, सामग्रीको उपयुक्तता, समय व्यवस्थापन र सिकाइ वातावरणका पक्षहरूसँग संरचनागत रूपमा गाँसिएका छन् । यी पक्षहरूमा सचेत हस्तक्षेप, शिक्षक सशक्तीकरण, सान्दर्भिक सामग्री छनोट र सहभागी शिक्षण विधि अपनाएमा श्रुतिबोध शिक्षणको गुणस्तर उल्लेखनीय रूपमा उन्नत हुन सक्छ (नुनान, २०१९) ।

**प्रभावकारी कार्यान्वयनका रणनीतिहरू :**

माध्यमिक तहमा श्रुतिबोध सिकाइ केवल श्रवण क्षमताको विकासमा सीमित नबसी समग्र भाषिक दक्षतासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । सिकाइ वातावरण, शिक्षकको भूमिका, सामग्री छनोट र मूल्याङ्कन विधिले श्रुतिबोधको प्रभावकारितामा महत्त्वपूर्ण प्रभाव पार्ने भएकाले कक्षाभित्र अपनाइने कार्यरणनीति विशेष प्राथमिकताका साथ विचार गर्न आवश्यक हुन्छ । यस सन्दर्भमा तल प्रस्तुत रणनीतिहरू

माध्यमिक तहमा श्रुतिबोध सिकाइलाई प्रक्रियामुखी, सहभागीमूलक र सन्दर्भ उपयुक्त रूपमा कार्यान्वयन गर्न सहायक ठहरिन्छन् (अधिकारी, २०६५)

***चरणगत अभ्यासको उपयोग :*** माध्यमिक तहका कक्षामा श्रुतिबोध शिक्षणलाई व्यवहारमा रूपान्तरण गर्ने क्रममा चरणगत अभ्यास एक महत्त्वपूर्ण कार्यदृष्टिकोणका रूपमा प्रत्याभूत हुन्छ । यस रणनीतिअनुसार श्रवण सामग्रीलाई सरलबाट जटिलतर्फ क्रमबद्ध रूपमा प्रस्तुत गरिन्छ जसले विद्यार्थीमा ध्वनि-अर्थ-अनुभूति-अभिव्यक्ति सम्बन्धी क्षमताको क्रमिक विस्तार सुनिश्चित गर्छ । प्रारम्भिक चरणमा विद्यार्थीलाई छोटा ध्वन्यात्मक अभ्यास वा संक्षिप्त संवादहरू सुनाएर ध्वनि र अर्थबिचको सम्बन्धबोध गराइन्छ; त्यसपछि सन्दर्भगत श्रुतिबोध, श्रुतिलेख र श्रुतिरचना जस्ता जटिल अभ्यासतर्फ क्रमशः लैजाँदा विद्यार्थीको विश्लेषणात्मक र स्मृति क्षमता दुवै विकसित हुन्छ (क्रस, १९९२; हार्मर, २००७) । यस प्रकारको क्रमबद्ध प्रगति विद्यार्थीको आत्मविश्वास अभिवृद्धि गर्नुका साथै सुन्ने सामग्रीप्रति सक्रिय संलग्नता बढाउन सहयोग पुऱ्याउँछ जसले श्रवण क्षमतालाई अर्थबोध र मौखिक अभिव्यक्तिसँग एकीकृत गर्न मद्दत गर्दछ ।

***सन्दर्भ आधारित सामग्री छनोट :*** विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमिलाई केन्द्रमा राखी सन्दर्भ आधारित सामग्री चयन गर्दा श्रुतिबोध केवल भाषिक अभ्यासमै सीमित नबसी दैनिकी अनुभवसँग प्रत्यक्ष सम्बन्धित सिकाइका रूपमा विकसित हुन्छ । गीत, संवाद, समाचार, कथा अंश, रेडियो कार्यक्रम वा चलचित्र क्लिप जस्ता जीवन अनुभव नजिक श्रव्य सामग्री प्रयोग गर्दा विद्यार्थीले सुनेको सामग्रीलाई वास्तविक प्रयोगसँग जोड्न सक्छन् (गिलाक्जानी र अहमदी, २०११) । यसले विद्यार्थीलाई भाषिक प्रतीक, अर्थ र प्रयोगलाई व्यावहारिक जीवन परिस्थितिहरूसँग जोडेर बुझ्न सक्षम बनाउँछ जसका कारण अर्थ निर्माण अधिक स्वाभाविक र सहज बन्छ । साथै कक्षाभित्र विद्यार्थीका आफ्ना अनुभव, स्थानीय प्रसङ्ग र सांस्कृतिक सन्दर्भ समावेश गर्दा श्रवण कथन सिकाइ अधिक सहभागीमूलक र सजीव बन्न जान्छ ।

***बहुभाषिक कक्षामा अन्तर समायोजनात्मक दृष्टिकोण :*** नेपालका माध्यमिक विद्यालयहरू बहुभाषिक परिवेशमा अवस्थित भएकाले विद्यार्थीको मातृभाषादेखि विद्यालय माध्यम भाषासम्मको भाषिक अन्तरलाई अन्तर समायोजनात्मक दृष्टिकोणबाट सम्बोधन गर्नु आवश्यक हुन्छ । यसरी ध्वनि-शब्द-वाक्य-अर्थ-अभिव्यक्तिजस्ता क्रमगत सोपानहरूबिच सहज पुल निर्माण गर्दा ध्वन्यात्मक पहिचान, शब्दार्थ ग्रहण र वाक्यव्यञ्जना अर्थात् वाक्यको सतही अर्थ मात्र नभई त्यसमा निहित भाव, सङ्केत र आशय बुझ्ने क्षमता क्रमशः सुदृढ हुँदै जान्छन् । शिक्षकले तुलनात्मक उदाहरण, दृश्य सहारा र समूह अभ्यास प्रयोग गरेर विद्यार्थीको मातृभाषा आधारित त्रुटिलाई प्राकृतिक रूपमा सुधार गर्न सक्छन् । यसले त्रुटि डर कम गर्ने, आत्मविश्वास बढाउने र भाषा सिकाइलाई प्रतिस्पर्धामूलक नभई सहयोगी प्रक्रियाका रूपमा स्थापित गर्ने कार्य गर्दछ ( भान्डरग्रिफ्ट, १९९९) ।

***प्रतिफल आधारित मूल्याङ्कन :*** श्रवणपछिको प्रतिक्रिया, प्रस्तुति, सारांश र समूह छलफलजस्ता प्रत्यक्ष प्रदर्शनलाई मूल्याङ्कनको आधार बनाइने प्रतिफल आधारित मूल्याङ्कन विधिले श्रुतिबोध सिकाइलाई केवल सुन्ने कार्यमा सीमित नराखी बुझाइ, व्याख्या, तर्क र सृजनात्मक अभिव्यक्तितर्फ उन्मुख समग्र भाषिक क्षमतासँग जोड्दछ । शिक्षकले श्रुतिलेख, मौखिक पुनर्कथन, समूह संवाद वा नोट मेकर अभ्यासजस्ता विविध माध्यमबाट विद्यार्थीको प्रगति मूल्याङ्कन गर्दा तिनको वास्तविक श्रवण बोध र अर्थ निर्माण क्षमता मापन गर्न सक्छन् (शर्मा र पौडेल, २०७३) । प्रतिफलकै आधारमा शिक्षकले अभ्यास पुनर्संरचना, सामग्री रूपान्तरण र विद्यार्थी केन्द्रित समायोजन गर्न सक्ने हुँदा सिकाइ निरन्तर सुधारतर्फ अग्रसर हुन्छ (नेसन एन्ड म्याकालिस्टर, २०१०) । यसप्रकारको मूल्याङ्कन कक्षाभित्र सिप केन्द्रित सिकाइ वातावरण निर्माण गर्न अत्यन्त उपयोगी ठहरिन्छ । यसरी प्रस्तुत रणनीतिहरू माध्यमिक तहका कक्षामा श्रुतिबोध सिकाइलाई प्रभावकारी, सन्दर्भ सापेक्ष र सहभागी केन्द्रित रूपमा रूपान्तरण गर्ने ठोस आधार प्रदान गर्छन् । चरणगत अभ्यासले सिकाइको गहिराइ विस्तार गर्छ, सन्दर्भ आधारित सामग्रीले अर्थ निर्माण सहज बनाउँछ, अन्तर समायोजनात्मक दृष्टिकोणले बहुभाषिक पृष्ठभूमिमा सन्तुलन ल्याउँछ र प्रतिफल आधारित मूल्याङ्कनले निरन्तर सुधारको मार्ग प्रशस्त गर्छ । यी सबै पक्षले श्रुतिबोध शिक्षणलाई व्यावहारिक दक्षता र सृजनात्मक प्रयोग दुवैका दृष्टिले सुदृढ बनाउँछन् ।

## निष्कर्ष

प्रस्तुत अध्ययनले माध्यमिक तहमा श्रुतिबोध शिक्षणको वर्तमान अवस्था, सिद्धान्तगत आधार, कक्षागत व्यवहार, चुनौती तथा प्रभावकारी कार्यान्वयनका सम्भावनाहरूको विश्लेषण गरेको छ । श्रुतिबोध नेपाली भाषा शिक्षणको आधारभूत र अनिवार्य सिप भएकाले यसको प्रभावकारी विकास बिना अन्य भाषिक सिपहरूको समन्वित अभिवृद्धि सम्भव हुँदैन । प्रस्तुत अध्ययनका विश्लेषणहरूले देखाउँछन् कि विद्यालय तहमा श्रुतिबोध शिक्षण औपचारिक अभ्यासको रूपमा समावेश भए पनि यसको कार्यान्वयन पक्ष पाठ्यक्रमीय अपेक्षाअनुसार सुदृढ रूपमा मूर्त रूप लिन सकेको छैन । श्रुतिबोध शिक्षण अझै पनि सामग्री प्रस्तुतिमा शिक्षक केन्द्रितता, अभ्यासमा पुनरावृत्तिमुखी झुकाव र मूल्याङ्कनमा लिखित परीक्षणको एकाधिकारबाट पूर्ण रूपमा मुक्त हुन सकेको छैन । भाषा सिकाइका विभिन्न दृष्टिकोणहरूले श्रुतिबोधलाई अनिवार्य र केन्द्रीय सिपका रूपमा स्वीकार गरेका छन् जसको प्रभाव भाषा शिक्षणका हरेक तहमा प्रत्यक्ष रूपमा देखिन्छ । व्यवहारवादी दृष्टिकोणले श्रुतिबोधलाई अनुकरण, दोहोराइ र अभ्यासको प्रक्रियासँग जोड्दछ जसले ध्वनि, लय र उच्चारणका सूक्ष्मतालाई स्थिर बनाउँछ । तर यस दृष्टिकोणले केवल बोलीको आवृत्ति र यान्त्रिक अभ्यासलाई प्राथमिकता दिने भएकाले अर्थनिर्माणको संज्ञानात्मक तहलाई पर्याप्त सम्बोधन गर्दैन । संज्ञानात्मक दृष्टिकोणका अनुसार श्रुतिबोध केवल सुन्ने क्रिया नभई मानसिक विश्लेषण, पूर्वअनुभवसँग समायोजन र अर्थव्याख्याको सक्रिय प्रक्रिया हो । यसले विद्यार्थीलाई सुनेको सामग्रीलाई सन्दर्भगत रूपमा अर्थपूर्ण समझमा रूपान्तरण गर्न सघाउँछ । त्यस्तै सामाजिक अन्तर्क्रियात्मक दृष्टिकोणले भाषा सिकाइ सम्वाद, सहकार्य, सहअध्ययन र सामाजिक सन्दर्भसँग निकट रूपमा आबद्ध हुन्छ भनी

देखाउँछ । अध्ययनका साक्षात्कार र कक्षा अवलोकनहरूमा समेत विद्यार्थीहरू सहपाठी र शिक्षकसँगको अन्तर्क्रियामा संलग्न हुँदा श्रुतिबोध सिप दिगो र स्थिर रूपमा विकसित भएको पाइयो । यसले पुष्टि हुन्छ कि श्रुतिबोध एकल सिप नभई बहु सिपीय, सन्दर्भ आधारित र अन्तर्क्रियात्मक सिकाइ प्रक्रियाको मुख्य आधार हो । व्यवहारमा प्रयुक्त श्रुतिबोध गतिविधिहरू जस्तै श्रुतिलेख, कथन श्रवण, सारांश निर्माण, भूमिकानाट्य, संवाद पुनर्निर्माण र बुँदाटिपोट अभ्यासहरूले विद्यार्थीको श्रुतिबोध क्षमता वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेका देखिन्छन् । यद्यपि यी अभ्यासहरू विद्यालयमा एकरूप, योजनाबद्ध र स्तरानुकूल ढङ्गले सञ्चालन हुन नसक्नु प्रमुख चुनौतीका रूपमा देखिएको छ । बहुभाषिक पृष्ठभूमि, कक्षाकोठाको भौतिक स्रोतको अभाव, शिक्षक तालिम र रणनीतिगत अद्यावधिकमा कमजोरी लगायतका पक्षहरूले श्रुतिबोध शिक्षणलाई अपेक्षित परिणाममा पुऱ्याउन अवरोध सिर्जना गरेका छन् । साथै मूल्याङ्कन पद्धतिमा श्रुतिबोध सिपको समग्र मूल्याङ्कनभन्दा लिखित माध्यमद्वारा मात्र आंशिक मूल्याङ्कन हुने प्रवृत्ति अझै कायम छ जसले सिकाइ अवस्थालाई यथार्थरूपमा प्रतिविम्बित गर्न सक्दैन ।

यस अध्ययनले माध्यमिक तहमा श्रुतिबोध शिक्षणलाई प्रभावकारी बनाउन केही महत्त्वपूर्ण कार्यान्वयनात्मक रणनीतिहरू आवश्यक रहेको देखाएको छ । कक्षागत स्तरमा शिक्षकले चरणबद्ध अभ्यास रूपान्तरण (ध्वनि अर्थ-सन्दर्भ, अर्थ-श्रुतिलेख र पुनर्निर्माण-स्वतन्त्र अभिव्यक्ति) अपनाउनु अनिवार्य छ । साथै विद्यार्थीको जीवनानुभूति, सामाजिक परिवेश र भाषिक विविधतालाई सम्बोधन गर्ने सन्दर्भ आधारित श्रवण सामग्री चयन गर्नुपर्छ । बहुभाषिक कक्षाकोठामा भिगोत्स्कीको निकटतम विकास क्षेत्र (जोन अफ प्रोक्सिमल डेभलपमेन्ट-जेडपिडि) सिद्धान्तसँग सम्बन्धित अस्थायी सहारा वा सहयोग (स्कैफोल्डिङ) र 'सहकार्यात्मक श्रवण' जस्ता सामाजिक अन्तर्क्रियात्मक विधिहरू प्रभावकारी ठहरिन्छन् । मूल्याङ्कन प्रक्रियामा निरन्तर, प्रक्रियामुखी र प्रतिफल आधारित सुधार चक्र लागू गर्दा श्रुतिबोध शिक्षण गुणस्तरीय, दिगो र विद्यार्थी केन्द्रित बन्न सक्छ । अध्ययनको निष्कर्षअनुसार श्रुतिबोध शिक्षण भाषा सिकाइको संज्ञानात्मक, सामाजिक तथा अभिव्यक्ति क्षमता विकासको आधारभूत संरचना मान्न सकिन्छ । यदि विद्यालयहरूले पाठ्यक्रम अभिप्राय, कक्षागत व्यवहार र मूल्याङ्कन पद्धतिमा श्रुतिबोध सिपलाई योजनाबद्ध, सन्दर्भगत र समन्वित रूपमा लागू गरे भने नेपाली भाषा सिकाइ अधिक व्यावहारिक, प्रभावकारी र जीवनगत प्रयोगमैत्री बन्ने छ ।

## सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङ्गराज र शर्मा र केदारप्रसाद (२०५६), *प्रारम्भिक नेपाली शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७९), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

पौड्याल, मञ्जु (२०७४), *गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

पोखेल, रामप्रसाद (२०६७), *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन,* ( स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६४), *नेपाली भाषा शिक्षण,* एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

Cross, D. (1992). *A practical handbook of language teaching*. Prentice Hall.

Hedge, T. (2000). *Teaching and learning in the language classroom*. Oxford University Press.

Harmer, J. (2007). *The Practice of English Language Teaching*. Pearson Education Limited.

Vandergrift, L. (1999) . Facilitating second language listening comprehension: Acquiring successful strategies . *ELT Journal, 53*(3), 168 176 . https://doi .org/10 .1093/elt/53 .3 .168

Gilakjani, A . P ., & Ahmadi, M . R . (2011) . A study of factors affecting EFL learners' English listening comprehension and the strategies for improvement . *Journal of Language Teaching and Research, 2*(5), 977 988 . https://doi .org/10 .4304/jltr .2. 5 .977-988

Nunan, D . (2019) . Language Curriculum Design . Oxford University Press .

Nation, I . S . P ., & Macalister, J . (2010) . Language Curriculum Design . Routledge .

Richards, J. C., & Rodgers, T. S. (2001). Approaches and Methods in Language Teaching (2nd ed .) . Cambridge University Press .